# देवचुली नगरपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी

## तेश्रो नगर परिषद्

## आगामी आर्थिक बर्ष २०७३/०७४ को बजेटका मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रम

२०७२ पौष २८ गते मंगलबार ।

देवचुली नगरपालिकाको तेस्रो नगर परिषद उद्घाटन समारोहका श्रद्धेय प्रमुख अतिथि नवलपरासी जिल्ला निर्वाचन क्षेत्र नं. १ का माननीय सभासद प्रा.डा. शशाङ्क कोइरालाज्यू, बिशिष्ठ अतिथि माननीय सभासद कृष्ण पौडेल ज्यू, बिशेष अतिथि ज्यूहरु, आमन्त्रीत अतिथि ज्यूहरु, राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, विभिन्न सरकारी गैरसरकारी संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिको रुपमा उपस्थित आमन्त्रित अतिथिज्यूहरु, वडा नागरिक मञ्च, विषयगत समिति, राजश्व परामर्श समिति, योजना तर्जुमा समिति, नगरपालिकाको पहल समिति, लगायतका समितिका संयोजक एवम् सदस्यज्यूहरु, त्यसै गरी यस कार्यक्रममा उपस्थित नगरबासी दाजुभाई दिदिबहिनीहरु, कर्मचारी तथा पत्रकार मित्रहरु ।

नगरपालिकाको तेश्रो नगरपरिषदको उद्घाटन समारोहमा पाल्नुहुने सम्पूर्ण महानुभावहरुलाई मेरो ब्याक्तिगत तथा कार्यकारीको हैसियतले नगरपालिका परिवारको तर्फ बाट हार्दिक स्वागत अभिवादन गर्दै आगामी आर्थिक वर्ष २०७३।०७४ को लागि नीति तथा कार्यक्रम र अनुमानित आयव्यय बाचन गर्ने अनुमति चाहन्छु ।

## देवचुली नगरपालिकाको संक्षिप्त परिचय

प्रशिद्ध पर्टकीय तथा ऐतिहासिक देबचुली डाँडाको फेदी तथा पबित्र नारायणी नदि किनारको आगनीमा अबस्थित तथा सबै जात जातीको वसोवास भई सुन्दर मानव बगैचाको रुपमा रहेको मेहनेती र परिश्रमी हातहरुले सिञ्चित यस सुन्दर नगरी देबचुली  नगरपालिकामा ६६३६ घरधुरी र ३४९१२ जनसंख्या रहेको छ । यो नगरपालिका नवलपरासी जिल्लाको नवलपुर क्षेत्रको मध्यभागमा अधिकांश समथर भूमि र केही पहाडी क्षेत्र समेत भएको नगरपालिका हो । पहाडी क्षेत्रको मुख्य प्रवेशद्वार यसै नगरपालिकामा पर्दछ । पूर्वमा रजहर गा.वि.स., पश्चिममा कावासोती नगरपालिका र धौवादी गा.वि.स., उत्तरमा उपल्लो अर्खला र बुलिङटार गा.वि.स र दक्षिणमा नारायणी नदिको चार सिमाना भित्र नगरपालिका अवस्थित छ । साविकका दिव्यपुरी, देवचुली र प्रगतिनगर गा.वि.स.लाई समावेश गरी नेपाल सरकार मन्त्री परिषद्को मिति २०७१।०१।२५ को निर्णयानुसार घोषित भएको नगरपालिका हो ।

स्थानीय स्वायत्त शासन ऐन र नियमले ब्यबस्था गरे अनुसार सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी नगरपालिकाको आन्तरीक स्रोत, नेपाल सरकारबाट नगरपालिकालाई प्राप्त हुने सर्सत, निर्सत तथा अन्य अनुदानलाई समेत आधारमानी निति तथा कार्यक्रम तयार गरीएको छ ।

स्थानीय स्वायत्त शासन र विकेन्द्रिकरण ऐन २०५५/नियमावली २०५६ ले निर्दिष्ट गरिएको Self Mangement, Self Control, Self desision, Accountability and Capacity Building

भन्ने मर्मका आधारमा स्थानीय निकाय चल्नुपर्छ भन्ने तथ्यलाई स्वीकार गरि नगरपालिकामा कार्य सम्पादन गरिएको व्यहोरा सर्गव उल्लेख गर्न चाहन्छु ।

यस देवचुली नगरपालिका आधुनिक पूर्वाधार युक्त र समृद्ध नगर निर्माण गर्ने अभियानका साथ यहाँका सम्पुर्ण राजनैतिक दल तथा संघसंस्था तथा नागरिकहरुको सकारात्मक सोच तथा सहयोग प्राप्त हुँदै आएको छ । जनअपेक्षा अधिकतम् तर श्रोत साधनको कमीको कारणले अपेक्षा गरेबमोजिम कार्य सम्पादन हुन सकेको छैन तथापि श्रोत साधन समय र जनशक्ति अधिकत्तम परिचालन गरि कामकारवाही अगाडि बढाउने प्रयत्न गरिएको छ । हाल सम्म गरिएको मुख्य मुख्य कार्यहरु यस प्रकार छन् ।

१. १५ वटै वडाहरुमा गठित वडा नागरिक मञ्चको व्यवस्थित परिचालन ।

२. २०७२ साल वैशाख १२, १३ र २९ गते आएको महाभूकम्पबाट यस नगर क्षेत्रका घरहरु मध्ये पूर्ण रुपमा क्षति भएका १३७ घर र आंशिक रुपमा ४६८ क्षति भएका भूकम्प पिडित व्यक्तिहरुले जिल्ला दैवी प्रकोप उद्धार कोष मार्फत रु. ३३,६४,०००।- रकम वितरण गरिएको छ ।

३. सि.एफ.एल.जी. तथा इ.एफ.एल.जी. अवलम्वन र विभिन्न कार्यक्रम संचालन ।

४. भूकम्प प्रभावित क्षेत्रमा अनुगमन र सहयोग प्रदान ।

५. करका दर मार्फत राजश्व बृद्धि ।

७. कार्य सम्पादनलाई सहज बनाउन थप ६ जना कर्मचारी विज्ञापन ।

८. भवन निर्माणको प्रकृया सुरुवात भईतला सेटरिङ भई ढलान हुने क्रममा रहेको छ ।

९. यान्त्रिक सामाग्री खरिद गरिएको ।

११. आवश्यक कार्यालय सामानहरु खरिद ।

**आगामी आर्थिक बर्ष आ.व. ०७३।०७४ को बजेटका मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

१) भू-उपयोग

क. भू उपयोग योजना स्वीकृत गरी निषेधित क्षेत्रमा भवन बनाउन रोक लगाइने छ ।

ख. व्यवस्थित बसोबासको मापदण्ड बनाई लागु गरिने छ ।

ग. सार्वजनिक जग्गा यकिन गरि संरक्षण गरिने छ ।

घ. नक्शाको बाटोहरु एकिन गरिने छ ।

ङ. वस्ती विकास मार्गदर्शन २०७२ लाई आधार मानी नगरक्षेत्रको बस्ती विकास गरिने छ ।

**२) वातावरणमैत्री**

क. नगरक्षेत्रका घरहरुमा वातावरण मैत्री स्थानीय शासनको अवलम्वन गरिने छ ।

ख. शून्य ल्याड फिल्ड साइडको थालनी गरिने छ । जसका लागि फोहोर संकलन श्रोतकेन्द्र निर्माण कार्यक्रम अगाडी बढाइने छ ।

ग. नगरपालिकाको क्षेत्रमा रहेको फोहोर लाई कुहिने र प्लास्टीक जन्य छुट्याई कुहिने फोहोर घरमै व्यवस्थापन गर्ने, प्लास्टिक जन्यलाई पून: प्रयोगमा ल्याउने र बाँकी फोहोरको निमित्त ल्याड फिल्ड साइट कार्यान्वयनमा ल्याई उक्त स्थानलाई उद्यानको रुपमा विकास गर्दै लगिने छ ।

घ. नगरक्षेत्रको मूल सडकका दायाँ बाँया बृक्षारोपण गरि हरियाली प्रवर्द्धन गरिने छ ।

ङ. नगरक्षेत्रमा रहेको सार्वजनिक स्थलमा सार्वजनिक शौचालय निर्माणको थालनी गरिने छ ।

च. टोल सुधार समिति गठन तथा संचालन कार्यविधि बनाई सम्पूर्ण वडाहरुमा टोल सुधार समिति गठन तथा वातावरणमैत्री सूचक पुरा भएका टोललाई वातावरणमैत्री टोल घोषणा गरी सम्पूर्ण नगरलाईनै वातावरणमैत्री नगरपालिका घोषणा गरिने छ ।

छ. नेपाल सरकारको मापदण्ड अनुरुप प्लास्टिक प्रयोगलाई न्यूनीकरण गर्दै वातावरणमैत्री झोला प्रयोगमा ल्याइने छ ।

ज. नगरको मुख्य शहरी क्षेत्रमा घर घरमा करेशावारी तरकारी खेतीलाई प्रवर्द्धन गरिने छ ।

ज. एक घर ५ गमला फूल वा एक घर २ विरुवा बनाउने नीतिलाई निरन्तरता दिइने छ ।

## ३. राष्ट्रिय भवन संहिता

क. भवन संहिता एवम मापदण्ड लागु गरि पक्की घरको नक्शापास हुनुपर्ने व्यवस्थालाई कार्यान्वयन गरिने छ ।

राष्ट्रिय भवन संहिताको मापदण्ड अनुसार नभएका पुराना भवनहरुलाई अभिलेखीकरणको व्यवस्था गरिने छ ।

ख. नयाँ भवन मापदण्ड २०७२ ले निर्देशित गरेका आधारलाई यस नगरपरिषद् मार्फत स्वीकृत गरी देहायका बुदाँलाई अनिवार्य रुपमा लागू गर्दै लगिने छ ।

१) घर निर्माण सम्पन्न गरेर नक्सापास गर्न आउने घरधुरीहरुलाई घर सम्पन्न प्रमाण-पत्रको सट्टामा घरकायम (अभिलेखिकरण) प्रमाण-पत्र प्रदान गरिने छ । तर बाटोको मापदण्ड, सेटव्याक, ग्राउण्ड कभरेज पुग्ने घरहरुका घरधनीलाई घर सम्पन्न प्रमाण-पत्र दिन सकिने छ ।

२) सार्वजनिक जग्गा, कुलो, ऐलेनिमा निर्माण भएका भवनहरुलाई नक्शापास दिइने छैन ।

३) २०७२ आश्विन ११ गते भन्दा अघि बनेका भवनहरुमा पनि बाटोको मापदण्ड लागु गरिने छ तर सेट व्याक र ग्राउण्ड कभरेज अनिवार्य गरिने छैन । यस प्रकारका घरलाई अभिलेखिकरण प्रमाण-पत्र प्रदान गरिने छ ।

४) नक्शा स्वीकृत नगराई भवन निर्माण गर्ने घरधनीलाई नगरपालिकाले जरिमाना तथा सिफारिस दिन रोक लगाईनेछ ।

५) सदियौ देखि चल्तिमा रहेका बाटो जो नक्सामा कुलो भएको र त्यसमा निजि जग्गा समेत जोडि सार्वजनिक बाटोको रुपमा प्रचलनमा रहेको जग्गालाई नापि कार्यालय बाट लगत कट्टा गरी सार्वजानिक बाटोको मान्यता दिइने छ । (१. दलदले डेरी चोक देखि तलको बाटो, २. केउरेनी चोक देखि नारायणी तिर जाने बाटो )

## ४. खुल्ला क्षेत्र

क. भूकम्प/विपद वा अन्य प्रयोजनको लागि नगरपालिकाले निश्चित क्षेत्रलाई खुल्ला क्षेत्र तोकी तयार पारेको विपद व्यवस्थापन प्रोफाइल अनुसार पूर्व तयारी, उद्धार र पूनर्लाभलाई व्यवस्थित गरिने छ ।

## ५. सडक मापदण्ड

क. नगरभित्रका सबै सडकलाई Right of Way निर्धारण गरि मापदण्ड तोकिने छ ।
ख. नगरक्षेत्रमा सडक सञ्जाल विस्तार गरी रिङ्गरोडलाई क्रमश स्तरोन्नती गरिने छ।
ग. नगरको हरेक वस्ती टोलमा कम्तीमा दमकल पुग्ने गरी सडक विस्तार गरिने छ।
घ. सडकको न्यूनतम आधारलाई पालन गर्दै मन्त्रालयबाट स्वीकृत भए पश्चात MTMP लाई कार्यान्वयनमा लगिने छ ।

यसै आ.व. बाट नगरपालिकाको चक्रपथ fasibility study गरी Detail Survey गर्ने र सम्बन्धित निकायमा वजेट माग गरी आवश्यक काम कार्वाही अगाडि बढाइने छ ।

## ६. न्यूनतम शर्त कार्यसम्पादन मापन (MCPM)

क. नगरपालिकाले एम.सि.पि.एम. मापन २०६६ अनुसार शर्तहरु पुरा गर्ने छ । यसका लागि आवश्यक सूचक पुरा गर्दै लगिने छ ।

## ७. वडा नागरिक मञ्च

क. विवाद समाधान वडाको योजना माग, वडा सरसफाई तथा वडा हरियाली प्रवर्द्धन गर्न वडा नागरिक मञ्चलाई परिचालन गरिने छ ।
ख. नगरपालिकाको निकटमा रही वडा नागरिक मञ्चले विभिन्न कार्यक्रम संचालन गर्ने छ ।
ग. स्थानीय आधिकारिकता पुष्टि गर्ने निकायको रुपमा वडा नागरिक मञ्चलाई लिइने छ ।
घ) सामाजिक परिचालनका माध्यमबाट प्रत्येक वडामा गठन भएका वडा नागरिक मञ्चलाई नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा सहयोग गर्न तथा वडाको विकासको लागि WATCH DOG को भूमिका निर्वाह गर्ने गरी क्षमता विकास गरिनेछ ।

## ८. सामाजिक सुरक्षा भत्ता

बैङ्क मार्फत शून्य मौज्दातमा खाता खोली गत आ.व.मा कार्य थालनी गरिएको सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

## ९. राजश्व परिचालन

क. करको नक्शाङ्कन गरी करको दायरा फराकिलो बनाई समावेशी कर नीति लागु गरिने छ ।

ख. करको दायरा बुद्धि गरि वार्षिक २०% का दरले कर संकलनमा बृद्धि गरिने छ ।

ग. एकीकृत सम्पत्ति कर आ.व. २०७३।०७४ बाट कार्यान्वयनमा ल्याइने छ ।

## १०. नगर उद्यान

क. सरकारको नीति अनुरुप नगर उद्यान निर्माण कार्यक्रमलाई उच्च प्राथमिकता दिई निरन्तरता दिइने छ ।

ख. दिर्घकालमा नगरस्तरीय उद्यानलाई बोटानिकल गार्डेनको रुपमा विकास र विस्तार गर्दै लगिने छ ।

## ११. बालश्रम निषेध

क. नगरपालिकाले प्रचलित कानुन बमोजिम बाल श्रमलाई निषेध गर्ने छ ।

ख. उद्योग वाणिज्य संघ मार्पत बालश्रम निशेष कार्यक्रम संचालन गरिने छ ।

ग. प्रतिष्ठानहरुमा बालश्रम रहित प्रतिष्ठान भन्ने श्लोगन राख्नुपर्ने व्यवस्था गरिने छ ।

## १२. सरसफाई अभियान

क. नगर क्षेत्रको सबै स्थानमा सरसफाई अभियान संचालन गरिने छ ।

ख. विभिन्न संघसंस्थाहरु सँग सरसफाई व्यवस्थापनमा सहकार्य गरिने छ ।

## १३. धार्मिक स्थलको व्यवस्थापन

क. नगरक्षेत्रमा रहेका धार्मिक स्थलहरुको व्यवस्थापन, सम्वर्द्धन एवम् विकास गर्दै नगरस्तरीय समिति बनाई कार्यान्वयन गरिनेछ ।

## १४. बालमैत्री स्थानीय शासन

क. नगरलाई बालमैत्री नगर बनाई भाविका पुस्ता सँग ज्ञान साटासाट कार्यक्रम लागु गरिने छ ।

ख. बालमैत्रीका निरन्तरताका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।

ग. चालु आ.व. भित्रै CFLG घोषणा गर्दै कार्यक्रम निरन्तरता दिइने छ ।

## १५. नगरको पहिचान

क. सरकारको नीति अनुरुप एक नगर एक पहिचान कार्यक्रम लागु गरिने छ । घुमाउरी, नारायणी तट, देवचुली डाँडा लाई पर्यटन क्षेत्रको रुपमा बिकास गर्दै लगिने छ ।

## १६. समावेशीकरण, सशक्तिकरण र गरिवी निवारण

क. नगरक्षेत्र भित्र गठित विभिन्न समिति उपसमितिहरुमा समावेशीकरण नीति कार्यन्वयन गरिने छ ।

ख. सशक्तिकरण गर्नुपर्ने पहिचान भएका समुदायलाई प्राथमिकतामा राखिने छ ।

ग. कृषि क्षेत्रलाई प्रवर्द्धन गरी गरिवी निवारणमा योगदान गरिने छ ।

घ. होम स्टेलाई गरिवी निवारणको माध्यम बनाई आय आर्जनको नीति अबलम्बन गरिने छ ।

## १७ कृषि तथा सिचाई

क. सिचाईका आयोजनाहरु छनौट गर्दा नगरपालिकाको कृषि क्षेत्र समेतलाई मध्य नजर गर्दै छनौट गर्ने र सिफारिस गर्ने नीति लिइनेछ ।

ख. खेतीयोग्य जमिन सिंचाई प्रवन्ध मिलाउने काममा प्राथमिकता राखिने छ ।

ग. टोक्रे नहरको catchment area बृद्धि गर्ने केन्द्रीय योजना मार्फत विस्तार गर्दै लगिने छ ।

## १८. युवा तथा खेलमैदान

क. युवा खेलमैदान स्तरोन्नतिको लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

ख. वार्षिक खेल प्रतियोगिता संचालनमा सहयोग री खेलाडि उत्पादनमा समेत योगदान गरिने छ ।

## १९. खानेपानी

क. पूर्ण सरसफाईको कार्यक्रम सञ्चालन गर्न 4R को अवधारणा (Reduce, Reuse, Recycle and Recovery) Post ODF रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

ख. शुद्ध खानेपानीको पहुँचमा बुद्धि गर्न पहल गरिने छ ।

## २०. विद्युत तथा बैकल्पीक उर्जा

क) विद्युत सेवा नपुगेका वडाहरुमा विद्युतिकरणको लागि थप कार्य अगाडि बढाइने छ ।

ख) बार्षिक विद्युत मागको गणना कार्यलाई अगाडि बढाइनेछ ।

ग) वैकल्पिक उर्जाको अवस्था,सम्भावना तथा अवसरको अध्ययन गरिनेछ ।

घ) विद्युत सेवा शुल्कको काउण्टर देवचुली नगरपालिकाको कार्यालयमा राख्ने व्यवस्थाका लागि नेपाल विद्युत प्राधिकरण सँग पहल गरिने छ ।

ङ) वातावरणमैत्री कार्यक्रम अन्तर्गत वैकल्पीक उर्जालाई प्रवर्द्धन गरिने छ ।

च) सौर्य सडक बत्ति कार्यक्रमलाई सघन रुपमा सन्चालन गरिने छ ।

## २१. महिला

क) महिलाको मौलिक हक अधिकार एवम् विकासका लागि आवश्यक कदम चालिने छ ।

ख) महिला हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्न आवश्यक कदम अगाडि बढाइने छ ।

ग. महिला हिंसामा शून्य सहनशिलताको नीति अवलम्वन गरिने छ ।

## २२. दलित

क) दलित वर्गको समग्र आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई समयसापेक्ष व्यवसायि करण गरिने छ ।

ख) शून्य विभेदको नीति अवलम्वन गरिने छ ।

## २३. आदिवासी जनजाति

क. आदिवासी जनजातिहरुको सशक्तिकरण र भेषभुषा तथा पहिचान कायम राख्न विशेष कार्यक्रम संचालन गरिने छ ।

ख. आदिवासी जनजातिहरुको सञ्जाल निर्माण गरि सीप विकासमा अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिने छ ।

**२४. अपाङ्गता भएको**

क) अपाङ्गता भएका व्यक्तिहरुको लागि सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्नुका साथै समुदायमा आधारित पुनस्थापना गर्ने कार्यलाई विशेष जोड दिइनेछ ।

ख) नगरपालिकामा निर्माण हुने भौतिक पूर्वाधारका संरचना निर्माण कार्यलाई अपाङ्गमैत्री बनाउने नीति लिइनेछ ।

ग) सम्पूर्ण शिक्षण संस्था तथा अन्य संघ/संस्थाहरुका कार्यलयहरुमा प्याम्प बनाउने नीति लिइने छ ।

घ) अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र बनाउने काममा परामर्श दिने कार्यक्रम संचालन गरिने छ ।

२५. **शिक्षा :**

क) पूर्ण साक्षर नगरपालिका पश्चात बाँकी रहेका निरक्षरलाई साक्षर बनाउन नीति लिइने छ ।

ख) निरन्तर सिकाई कार्यक्रम (साक्षरोत्तर कक्षा) संचालन गरिने छ ।

ग) गुणात्मक शिक्षाको विकासको लागि सम्बन्धित सरोकारवालाहरुको सहकार्य तथा समन्वयमा विशेष पहल गरिनेछ ।

**२६. स्वास्थ्य**

क. स्वास्थ्य संस्थाको भौतिक सुविधामा वृद्धि गरिने छ ।

ख. गाउँघर क्लीनिक तथा वाह्यखोप क्लिनीक संचालन गर्न सम्बन्धित स्थानमा सामुदायिक भवन निर्माण गरिने छ ।

ग. स्तरोन्नती भएका स्वास्थ्य संस्थालाई सुदृढ गराउन पहल गरिने छ ।

## २७. कृषि/पशुपालन

क) निर्वाहमुखी कृषि प्रणालीलाई एकिकृत र व्यवसायिक कृषि प्रणालीतर्फ उन्मुख गर्दै विविधिकरण र यान्त्रीकरण गर्ने नीति लिइनेछ । उन्नत पशुपालनको लागि पशुपालक किसानहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।

ख) कृषि तथा पशु शीर्षकको बजेटलाई कृषि तथा पशु प्राविधिकहरुको समन्वयमा नगर स्तरीय कृषि तथा पशु जन्य तालिम तथा अन्य कार्यक्रमहरुलाई अगाडि बढाउने नीति लिइनेछ ।

ग) नगरपालिकाको भौगोलिकलाई दृष्टिगत गरी माछा, च्याउ जस्ता नगदे तथा बेमौसमी तरकारी खेती, अन्नवाली, फलफुल, व्यवसायिक रुपमा खेतीलाई प्रवर्द्धन गरी आधुनिक कृषि प्रणाली एवं व्यवसायीकरणलाई जोड दिइनेछ ।

घ) प्राङ्गारिक खेती प्रणालीलाई प्रोत्साहन गर्दै पूर्ण अर्गानिक खेती प्रणाली अपनाउने कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्न जोड दिइनेछ ।

ङ) डिप बोरिङ्ग , स्यालो ट्युववेल तथा भूमिगत सिंचाईलाई विशेष प्राथमिकतामा राखिनेछ ।

## २८. सुशासन

क. अनुपात्दक खर्च कटौती, उपभोक्ता समितिलाई पुर्व जवाफदेही तथा सबै क्षेत्रको मानव अधिकारको सम्मान गर्दै नागरिक वडापत्र सर्वसाधारणको पहुँचमा ल्याइने व्यवस्था मिलाइने छ ।

ख. सेवा प्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सुझाव, सल्लाह एवं गुनासो र उजुरीको सुनुवाई तत्कालै गर्ने गरी आवश्यक व्यवस्था मिलाइने छ ।

ग. बालमैत्री, अपाङ्गमैत्री, अशक्तमैत्री नीतिलाई अवलम्वन गरी सेवाग्राहीहरुलाई सेवा दिइने छ ।

## २९. योजना छनौट तथा कार्यान्वयन

क. योजना छनौट प्रकृयालाई Botton up approach नीति अपनाइने छ ।

ख. गत आ.ब. मा उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान कार्यक्रमको थालनी गरिने छ ।

## ३०. निजी क्षेत्र :

क. Public private partnarship अन्तर्गत उद्योग व्यवसायको प्रवर्द्धन एवम् नियमन गर्ने ।

ख. सर्वाधिक रोजगरीको अवसर दिने नीजि क्षेत्रलाई क्रमिक रुपमा सम्मानित गर्ने नीति लिइने छ ।

ग. व्यवसायी करलाई नीजि क्षेत्रसँग साझेदारी गरी क्रमश बृद्धि गरिने छ सार्थ कुल व्यवसायी करको २०% रकम देवचुली उद्योग वाणिज्य संघलाई सार्वजानिक क्षेत्रको भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन प्रवर्द्धन तथा विस्तारको लागि दिइने नीति अवलम्वन गरिने छ ।

घ. गत आ. ब. मा कार्यालयलाई धेरै कर बुझाउने करदाता लाई सम्मान कार्यको थालनी गरिने छ ।

## ३०. अन्य नीति

क. संस्थागत विकास तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि सम्बन्धि नीति बनाई कार्यान्वयन गरिने छ ।

ख. अन्तराष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थासँग समन्वय गर्ने नीति लिइने छ ।

ग. नगरक्षेत्रमा संचालित विभिन्न कार्यक्रमहरुको अनुगमन नियमित र आकस्मित रुपमा गर्ने संयन्त्रको निर्माण गरि परिचालन गरिने छ ।

आ.व. २०७२।०७३ को आयव्यय विवरण (पाँच महिनाको) लाई हेर्दा म.ले.प.को रिर्पोट अनुसार जम्मा ......................... रहेको छ । यस आवमा विनियोजित बजेट र कार्यक्रमहरु सँग सम्बन्धित पक्षले अविलम्व नगरपालिकामा सम्पर्क गरी समयमै कार्य सम्पादन गर्न समेत अनुरोध गर्न चाहन्छु ।

कुल दरवन्दीको करिव आधा जनशक्ति मार्फत सेवा प्रवाह गर्नुपरेको अवस्था, शहरी क्षेत्र कम हुनु, उद्योग धन्दा कम हुनु , राजश्वको दायरा साघुरो हुनु र केही पहाडी वस्तीहरुमा पूर्वाधार विकास गर्नुपर्ने चुनौतीहरु देखिन्छ भने निकुञ्ज क्षेत्र आसपास, देवचुली डाँडा, घुमाउरी पिकनिक स्पट लगायतका स्थानलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । समस्या, सम्भावना, चुनौती र श्रोत विच संयोजन गरि जनअपेक्षा बमोजिम द्रुत गतिमा विकास निर्माणको अभियानमा सहभागी हुनुपर्ने बेला आएको छ ।

यसै गरी अव म आ.व. २०७३।०७४ का लागि प्रस्तावित आय व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।

यस नगरपालिकाको तेस्रो नगरपरिषद्मा राजनैतिक दलहरुले पुऱ्याउनु भएको सहयोग र समन्वय प्रति विशेष आभारी छु । त्यसै गरी वडा भेला मार्फत योजना छनौटमा सहयोग पुऱ्याउनु भएकोमा सामाजिक परिचालकहरु, वडा नागरिक मञ्च तथा वडा वासी प्रति कृतज्ञता व्यक्त गर्दै राजश्व परामर्श समिति, विषयगत समिति, योजना तर्जुमा समिति तथा यस नगरपालिकाका सम्पूर्ण कर्मचारी प्रति विशेष धन्यवाद दिदै विकासका साझेदारहरुलाई समेत धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा,

यस देवचुली नगरपालिकाको तेस्रो नगरपरिषद्मा पाल्नुभएका प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि, आमन्त्रित अतिथिहरु लगायत सम्पुर्ण नगरबासी आमाबुबा, दाजुभाइ, दिदिबहिनीहरुमा पुनः अभिवादन गर्दै विकासको गतिलाई तीब्र बनाउन हामी सबै नगरबासीको परिश्रम, उर्जा, उद्यमशिलता र सृजनात्मक प्रतिभाको मूल फुट्नु आवश्यक छ । भन्ने विचार प्रस्तुत गर्दै सबै मिलि समुन्नत नगरपालिका बनाउने अभियानमा जुटौं भन्दै देवचुली नगरपालिकाको आ.व. ०७३।०७४ को बजेट, नीति तथा कार्यक्रमको प्रस्तुतीलाई अन्त्य गर्न चाहन्छु

धन्यवाद ।

**राष्ट्रिय भवन संहिता एवं नक्शा पास**

क. भवन संहिता एवम मापदण्ड लागु गरि पक्की घरको नक्शापास हुनुपर्ने व्यवस्थालाई कार्यान्वयन गरिने छ।

राष्ट्रिय भवन संहिताको मापदण्ड अनुसार नभएका पुराना भवनहरुलाई अभिलेखीकरणको व्यवस्था गरिने छ।

ख. नयाँ भवन मापदण्ड २०७२ ले निर्देशित गरेका आधारलाई यस नगरपरिषद् मार्फत स्वीकृत गरी देहायका बुदाँलाई अनिवार्य रुपमा लागू गर्दै लगिने छ।

१) घर निर्माण सम्पन्न गरेर नक्सापास गर्न आउने घरधुरीहरुलाई घर सम्पन्न प्रमाण-पत्रको सट्टामा घरकायम (अभिलेखिकरण) प्रमाण-पत्र प्रदान गरिने छ। तर बाटोको मापदण्ड, सेटव्याक, ग्राउण्ड कभरेज पुग्ने घरहरुका घरधनीलाई घर सम्पन्न प्रमाण-पत्र दिन सकिने छ।

२) सार्वजनिक जग्गा, कुलो, ऐलेनिमा निर्माण भएका भवनहरुलाई नक्शापास दिइने छैन।

३) २०७२ आश्विन ११ गते भन्दा अघि बनेका भवनहरुमा पनि बाटोको मापदण्ड लागु गरिने छ तर सेट व्याक र ग्राउण्ड कभरेज अनिवार्य गरिने छैन। यस प्रकारका घरलाई अभिलेखिकरण प्रमाण-पत्र प्रदान गरिने छ।

४) नक्शा स्वीकृत नगराई भवन निर्माण गर्ने घरधनीलाई नगरपालिकाले जरिमाना तथा सिफारिस दिन रोक लगाईनेछ।

५) सदियौ देखि चल्तिमा रहेका दलदले डेरी चोक देखि कुमारवर्ती मन्दिर जाने र केउरेनी चोक देखि नारायणी तिर जाने बाटो जो नक्सामा कुलो भएको र त्यसमा निजि जग्गा समेत जोडि सार्वजनिक बाटोको रुपमा प्रचलनमा रहेका लाई नापी तथा मालपोत कार्यालय बाट लगत कट्टा गरी सार्वजानिक बाटोको मान्यता दिइने छ।